नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बाजुरा

आज मिति २०७७ असार १ गतेका दिन जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठकले गरेका निर्णयहरु :-

**निर्णय नं. १.**

क्वारेन्टिनमा १४ दिन बसी सकेका, RDT परीक्षण प्रतिवेदन Negative आएका, कोभिड १९सम्बन्धी कुनै लक्षण नदेखिएका र स्वास्थ्य अवस्था सामान्य रहेका व्यक्तिहरुलाई सम्बन्धित पालिकाले अवस्था विश्लेषण गरी थप ७ दिन होम क्वारेन्टिन बस्ने गरी कागज गराई घर पठाउन जिल्लाका स्थानीय तहहरुलाई पुनः अनुरोध गर्ने ।

**निर्णय नं. २.**

कोभिड १९ संकट व्यवस्थापन केन्द्र, छाउनी, काठमाण्डौको च.नं. ३६, मिति २०७७/०३/०१ गतेको पत्रबाट लेखी आए अनुसार क्वारेन्टिनमा रहेका जेष्ठ नागरिक, सुत्केरी, गर्भवती तथा बालबालिकाहरुलाई निजको घर वा अन्य उपयुक्त स्थानमा तोकिएको अवधि सम्म रहने गरी दोव्बर सुविधा पोषणयुक्त खाना वापत उपलब्ध गराउन स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

**निर्णय नं. ३.**

कोरोना रोकथाम, नियन्त्रण, उपचार, स्वाब नमूना संकलन कार्यमा खटिएका स्वास्थ्यकर्मीहरुको स्वाब नमूना संकलनमा प्राथमिकता दिने, उक्त कार्यमा संलग्न स्वास्थ्यकर्मीहरु स्वास्थ्य सम्बन्धी मापदण्ड अनुसार तत् पश्चात क्वारेन्टिनमा बस्नुपर्ने र निजहरुको स्वाब परीक्षण प्रतिवेदनको नतिजा प्राप्त नहुन्जेल पुनः स्वास्थ्य सेवा प्रवाहमा फर्कन नमिल्ने भएकाले स्वास्थ्यकर्मीहरुको स्वाबको नमूना परिक्षणलाई समेत बिशेष प्राथमिकता दिन प्रादेशिक स्वास्थ्य प्रयोगशाला, धनगढी, कैलालीलाई अनुरोध गर्ने ।

**निर्णय नं. ४.**

यस समितिको मिति २०७७/०२/२६ को निर्णयानुसार यस जिल्लामा नै स्वाव परिक्षणको लागी पि.सि.आर टेष्ट प्रयोगशाला स्थापना गर्ने सम्बन्धमा स्वास्थ्य निर्देशनालय, दिपायलमा परामर्श माग गरिएकोमा हालसम्म कुनै प्रतिकृया प्राप्त नभएकोले सो सम्बन्धमा स्वास्थ्य कार्यालय बाजुराले पुनः आवश्यक समन्वय गर्ने ।

Sameer
066/03/01
समीर भण्डारी
स.प्र.जि.अ.